# टोखा नगरपालिकाको शिक्षा नीति, २०८३

टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं

२०८३

## शिक्षा नीतिका सम्बन्धमा

टोखा नगरपालिका गुणस्तरीय, वैज्ञानिक, व्यवस्थित र युग सुहाउँदो शिक्षा सेवा प्रवाहमा प्रतिबद्ध रहेको छ । राज्यले जाहेर गरेका नीति तथा कार्यक्रम र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धतासमेतलाई दृष्टिगत गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका राष्ट्रिय उद्देश्य र विद्यालय शिक्षाका समक्षता प्राप्तिका लागि शिक्षा नीतिले मार्गदर्शन गर्ने छ । विद्यालय शिक्षा क्षेत्र सुधार आयोजनाका सूचकका प्राप्तिलाई यस नीतिले अङ्गीकार गरेको छ । यस नीतिमा राखिएका विषय क्षेत्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा ठोस सहयोग पुग्ने छ भन्ने अपेक्षा गरिएको छ।

यस नीतिले नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका र सञ्चालन हुने विद्यालयको शैक्षिक गुणस्तर, विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयन, विद्यालय उमेर समूहका विद्यार्थीका लागि पहुँच विस्तार, समावेशी र विशेष शिक्षाको अवसर सिर्जना र निःशुल्क तथा अनिवार्य शिक्षाको प्रत्याभूतिको सुनिश्चतता, विद्यार्थीमैत्री भौतिक सुविधा विस्तार, सूचना तथा सञ्चारमैत्री सिकाइलगायतका क्षेत्रमा ठोस योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

यो नीति निर्माणमा प्रत्यक्ष एवम परोक्ष रूपमा सहयोग गर्ने, पृष्ठपोषण तथा अग्रपोषण दिने र यसको अन्तिमीकरण गर्ने सम्बद्ध सबैमा टोखा नगरपालिका हार्दिक आभार व्यक्त गर्छ ।

टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

,

# टोखा नगरपालिकाको शिक्षा नीति, २०८२

## १. पृष्ठभूमि

शिक्षा मुलुकको दिगो शान्ति, विकास, सुशासन र समृद्धिको आधार हो। व्यक्तिको मर्यादित जीवन र सम्मानजनक रोजगारीको आधारशिला शिक्षा हो । मुलुकको आर्थिक सामाजिक रूपान्तरणको माध्यम पनि शिक्षा भएकाले नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा स्थापित गर्दै सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व हुने संवैधानिक व्यवस्था गरेको छ। नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउने र दिगो विकासका लक्ष्यबमोजिम, विभेदरहित, सद्भावयुक्त, समावेशी र समन्यायमा आधारित गुणस्तरीय शिक्षाको पहुँचको अवसर सबैमा उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको छ। स्थानीय र वैश्विक ज्ञान, सिप र धारणाको सन्तुलित विकास गर्न शैक्षिक प्रक्रियालाई प्रविधियुक्त बनाई विद्यालय शिक्षालाई रोजगारी र आय आर्जनसँग जोड्नुपर्ने भएको छ। राष्ट्रिय प्राथमिकता र स्थानीय परिवेशअनुसार व्यक्तिको दैनिक जीवनका लागि आवश्यक पर्ने व्यावहारिक सिपका साथै सामाजिक मूल्य मान्यता, सामाजिक सहिष्णुता र सद्भावसहितको आत्मिक विकास गर्ने विद्यालय शिक्षा प्रणाली स्थापना गर्नु आजको आवश्यकता रहेको छ।

## २. दूरदृष्टि

**गुणस्तरीय, दक्ष र स्वावलम्बी जनशक्ति विकासः सामाजिक आर्थिक रूपान्तरणको आधार**

## ३. लक्ष्य

गुणस्तरीय शिक्षाको माध्यमबाट आत्मनिर्भर, प्रतिस्पर्धी, उद्यमशील तथा नवप्रवर्तनशील जनशक्ति उत्पादन गरी आफ्नो नगर र मुलुकको स्वाभिमान एवम् समृद्धिमा योगदान गर्ने

## ४. उद्देश्य

(क) व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्दै राष्ट्र र राष्ट्रियताप्रति प्रतिबद्ध, जवाफदेही, उद्यमशील र सहयोगी नागरिक तयार गर्नु

(ख) औपचारिक तथा अनौपचारिक शिक्षामा सबैको सहज पहुँचसहितको गुणस्तरीय तथा सान्दर्भिक शिक्षाका लागि शैक्षिक संस्थालाई नेतृत्वदायी, समन्वयकारी, सहयोगी तथा प्रतिस्पर्धी बनाउनु

(ग) शिक्षालाई रोजगारी र उद्यमशीलतासँग आबद्ध गर्दै प्राविधिक, व्यावसायिक तथा सिपयुक्त एवम् जीवनोपयोगी विद्यालय शिक्षाको विकास तथा विस्तार गर्नु

(घ) शिक्षामा समालोचनात्मक चिन्तन, खोज, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्नु

(ङ) सामाजिक मूल्य, मान्यता, एकता, सद्भाव, पुर्खाको गौरव एवम् संस्कृति प्रवर्द्धन गर्ने र जन्मभूमिप्रतिको कर्तव्यवोध गर्न सक्ने शिक्षा प्रणालीको विकास गर्नु

## ५. शैक्षिक नीति तथा कार्यनीति

### (क) विद्यालय शिक्षा

**नीति ५.१ः न्यूनतम पूर्वाधार र सुविधासहित प्रारम्भिक बाल विकास तथा शिक्षामा पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्ने**

**कार्यनीति**

५.१.१ प्रत्येक वडामा आवश्यक सुविधा र सामग्री सहितको नमुना बाल विकास केन्द्र स्थापना गरिने छ ।

५.१.२ बाल विकास शिक्षकलाई बाल सिकाइ प्रविधि एवम् बालमनोविज्ञानबारे तालिम तथा प्रशिक्षण गरिने छ ।

५.१.३ बाल विकास केन्द्र स्थापना र सञ्चालनका लागि वडा आवश्यक सहयोग गरिने छ ।

५.१.४ प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालनमा उत्कृष्टता प्रदर्शन गर्ने विद्यालय एवम् सहकर्ताको पहिचान गरी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

५.१.५ प्रारम्भिक बाल विकास र शिक्षा उमेर समुहका बालबालिकाको अभिलेख तयारी गरी मानकका आधारमा बाल विकास तथा शिक्षाको छुट्टै नीति तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

५.१.६ प्रारम्भिक बाल विकास उमेरका सबै बालबालिकालाई प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव लिएर मात्र कक्षा एकमा भर्ना हुने व्यवस्थाका लागि सहयोग गरिने छ ।

५.१.७ सबै विद्यालयमा बाल विकास केन्द्र स्थापना र सञ्चालनका लागि भइरहेको बाल विकास केन्द्रको पुनर्वितरण तथा व्यवस्थापनका लागि सहजीकरण गरिने छ।

५.१.८ प्रारम्भिक बाल विकास तथा शिक्षाको विकास र विस्तारका लागि अभिभावकको सहभागिता र संलग्नताका लागि क्षमता अभिवृद्धि गरिने छ ।

५.१.९ बालबालिकाको सर्वाङ्गीण विकाससम्बन्धी प्रारम्भिक बालविकासका आधुनिक विधि र प्रविधिको अवलम्बन गर्दै लगिने छ।

५.१.१० विद्यालयमा आवश्यकताअनुसार र सङ्घीय कानुनले निर्धारण गरेबमोजिम शिशु स्याहार तथा डे-केयर केन्द्र स्थापनाका गर्दै प्रारम्भिक बाल विकासलाई दुई वर्षे बनाइने छ ।

५.१.११ निजी क्षेत्रको लगानीमा खोलिएका बालविकास केन्द्र तथा मन्टेसरीको अनुगमन र नियमनलाई चुस्त र दुरुस्त बनाइने छ ।

**नीति ५.२: विद्यालयमा समुदायसँग सिक्ने तथा सिकाउने व्यवस्था मिलाउने**

**कार्यनीति**

५.२.१ स्थानीय महत्त्वका विषयका बारेमा समुदाय र विद्यार्थीबिच ज्ञान तथा सिप आदान प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

५.२.२ सूचना र सञ्चार प्रविधि समेतको प्रयोग गरी शिक्षक तथा कर्मचारीको क्षमता विकास गरिने छ ।

५.२.३ शिक्षण तथा अनुसन्धानको माध्यमबाट समुदायमा अवस्थित परम्परागत ज्ञान तथा अभ्यासलाई आधुनिक तथा औपचारिक ज्ञान तथा अभ्याससँग एकीकृत गर्ने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

५.२.४ दलित, जनजाति, धार्मिक, पेसागत समूह तथा अन्य समुदाय तथा व्यक्तिमा भएका परम्परागत एवम् आधुनिक ज्ञान, सिप एवम् प्रविधिको खोज अनुसन्धान गरी तिनलाई स्थानीय पाठ्यक्रमको माध्यमबाट विद्यालय तहमा लागू गरिने छ ।

**नीति ५.३: विद्यालयको शिक्षण सिकाइलाई जनमुखी, व्यावहारिक तथा परम्परागत एवम् आधुनिक ज्ञान, सिप, प्रविधि र उत्पादनसँग जोड्ने गरी पठनपाठनको प्रबन्ध मिलाउँदै माध्यमिक शिक्षालाई व्यावसायिक एवम् रोजगारउन्मुख बनाउने**

**कार्यनीति**

५.३.१ शिक्षण सिकाइलाई जनमुखी, व्यावहारिक तथा उत्पादनसँग जोड्ने काममा शिक्षक, अभिभावक र विद्यार्थीलाई जिम्मेवार बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

५.३.२ शैक्षिक सामग्रीको निर्माण तथा वितरण गर्न सहयोग गरिने छ ।

५.३.३ प्राधानाध्यापक तथा शिक्षकले आआफ्ना विद्यार्थीमा र स्वयम् विद्यार्थीले नै आफूमा उल्लिखित क्षमता भए नभएको कुरा जानकारी लिने मोबाइल एप्स बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ।

५.३.४ सबै तहका विद्यार्थीमा भएका प्रतिभाको खोजी गरी तिनको विकास गर्ने काममा विद्यालयलाई सघाइने छ ।

५.३.५ सबै तहका पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रियालाई समस्या समाधानमुखी बनाउन आवश्यक सामग्री तयार गरिने छ।

५.३.६ माध्यमिक शिक्षामा सिपमूलक पाठ्यक्रम समावेश गरी अनिवार्यरूपमा कार्यान्वयन गराउन सङ्घ र प्रदेशसँग सहकार्य गरिने छ।

५.३.७ माध्यमिक शिक्षालाई प्राविधिक र रोजगारमूलक बनाउन पाठ्यक्रम शिक्षण सिकाइका लागि क्षमता विकास एवम् पूर्वाधार निर्माणमा सङ्घ, प्रदेश र सरोकारवालासँग समन्वय र सहकार्य गरिने छ।

**नीति ५.४: विद्यार्थीलाई सदाचारी, चरित्रवान, देशभक्त, नैतिकवान् तथा जिम्मेवार बनाउने**

**कार्यनीति**

५.४.१ विद्यालयमा योग, ध्यान, प्राणायाम जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

५.४.२ निश्चित मापदण्डका आधारमा अतिरिक्त तथा सह कार्यकलाप अनिवार्य रूपमा सञ्चालन गरी विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई चरित्रवान्, देशभक्त, नैतिकवान् र सकारात्मक ऊर्जाशील बनाउन शैक्षिक संस्थालाई आवश्यकताअनुसार सहयोग गरिने छ । अतिरिक्त तथा सह कार्यकलाप सञ्चालनार्थ शिक्षकलाई तालिम प्रदान गरिने छ र विद्यालय तहमा यस्ता कार्यक्रम गर्न प्रोत्साहन गरिने छ ।

५.४.३ जनशक्तिलाई अनुशासित, इमानदार, नैतिकवान् तथा जिम्मेवार बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास, अनुसन्धान, विचार आदिको आदान प्रदान गर्न आमने-सामने तथा भर्चुअल कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

५.४.४ नागरिकलाई अनुशासित, इमानदार, नैतिकवान् तथा जिम्मेवार बनाउन आवश्यक ज्ञान, सिप तथा प्रविधिको खोजी गरी कार्यान्वयनमा ल्याइने छ ।

५.४.५ अनुशासित, इमान्दार, नैतिकवान् तथा जिम्मेवार बनाउन रैथाने धर्म दर्शनमा भएका विचारको खोजी गरी तिनलाई सार्वजनिक गर्न सहयोग गरिने छ ।

५.४.६ पारिवारिक मूल्य मान्यता र ज्येष्ठ नागरिक, रोगी, असहायको सेवा र सहयोग गर्ने मानवीय गुणको विकास गराउन विद्यालय शिक्षादेखि नै नैतिक शिक्षा (Moral/Ethics Education) मार्फत् शिक्षक तथा विद्यार्थीलाई थप जिम्मेवार र उत्तरदायी बनाउन तालिमलगायतका कार्यक्रम सञ्चालन गरिने छ ।

**नीति ५.५: शैक्षिक गुणस्तर सुधारका लागि सहकार्य गर्ने**

**कार्यनीति**

५.५.१ विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, प्राध्यापक, तथा कर्मचारीको स्वमूल्याङ्कनका लागि डिजिटल तथा ननडिजिटल सामग्री तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

५.५.२ ज्ञानमा अब्बल, सिपमा दक्ष, सकारात्मक सोच, समावेशी स्वभाव तथा आधुनिक सूचना प्रविधि मैत्रीलगायतका विषय समावेश भएको शिक्षाको गुणस्तरको खाका बनाइने छ ।

५.५.३ अपेक्षित गुणस्तर नपुगेको विषय क्षेत्रमा सघाउने डिजिटल तथा ननडिजिटल सामग्री उत्पादन गर्न गराउन शिक्षक, प्राध्यापक तथा अन्य विज्ञलाई प्रोत्साहन गरिने छ ।

५.५.४ शिक्षाको गुणस्तरीय खाकाको आधारमा गुणस्तरको लेखाजोखा गरिने छ र तदनुसार पुरस्कार तथा दण्डको व्यवस्था मिलाइने छ ।

५.५.५ विद्यालय स्तरीय शैक्षिक गुणस्तर मापदण्ड निर्धारण गरी सामुदायिक तथा संस्थागत विद्यालयलाई स्तरीकृत गर्न प्रोत्साहन गरिने छ।

५.५.६ सङ्घको सम्बन्धित निकायको समन्वय र सहकार्यमा विद्यालयको कार्यसम्पादन र सिकाइ उपलब्धि परीक्षण सञ्चालन गरी विद्यालय स्वमूल्याङ्कन संयन्त्रको विकास गरिने छ ।

५.५.७ न्यून दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा शिक्षक अनुदानको व्यवस्था गरिने छ।

५.५.८ आधारभूत तहदेखि नै खेलकुदमा अभिरुचि र शारीरिक तन्दुरुस्ती विकास गर्न प्रोत्साहन गरिने छ।

५.५.९ न्यून विद्यार्थी भएका विद्यालय एकीकरण गरी सञ्चालन गर्ने गरी विद्यालयलाई आवासीय मोडेलमा सञ्चालन गर्नका लागि भौतिक पूर्वाधार निर्माण तथा गुणस्तर सुधारका लागि प्रोत्साहन एवम् सहकार्य गरिने छ ।

५.५.१० कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीलाई कक्षा ८ र १० मा सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।

**नीति ५.६: विषयगत तथा क्षमताका आधारमा विशिष्टीकृत विद्यालय सञ्चालन गर्ने**

**कार्यनीति**

५.६.१ आवश्यकताअनुसार विभिन्न विषय तथा क्षमताका विशिष्टीकृत विद्यालय सञ्चालन गर्न गरिने छ ।

५.६.२ विशिष्टीकृत विद्यालय सञ्चालनका लागि सम्भाव्यता अध्ययनको आधारमा स्थान र विषयगत तथा क्षमतागत प्राथमिकता क्रम तोकिने छ ।

५.६.३ एकल तथा लागत साझेदारी अवधारणाबमोजिम यस्ता विशिष्टीकृत विद्यालय सञ्चालन गर्न सकिने छ ।

५.६.३ विशिष्टीकृत विद्यालय सञ्चालनका लागि सूचकसहितको कार्यविधि तयार गरिने छ ।

**नीति ५.७: विद्यालय तहको शिक्षाका लागि पाठ्यक्रम तथा पाठ्य सामग्री विकास गरी विशेष सिकाइ वातावरण तयार गर्ने**

**कार्यनीति**

५.७.१ मापदण्डका आधारमा थप पाठ्यसामग्री छनोट, स्वीकृति र नियमन गरिने छ ।

५.७.२ विशेषताअनुरूप कृषि, जडीबुटी, उद्यमशीलता, स्थानीय ज्ञान र सिप प्रणाली, भाषा तथा पर्यटनसँग केन्द्रित भई स्थानीय पाठ्यक्रमको पुनरवलोकन गरिने छ ।

५.७.३ विद्यालय शिक्षालाई समुदायसँग एकाकार गर्दै लैजान विद्यार्थीलाई समुदायमा आधारित परियोजना निर्माण र कार्यान्वयन गर्न सहजीकरण गरिने छ ।

५.७.४ समुदाय र सामुदायिक क्रियाकलापलाई समेत सिकाइ स्रोतको रूपमा लिई शिक्षक तालिम, सिकाइ सामग्री र मूल्याङ्कन प्रणालीमा स्थापित गर्ने व्यवस्था मिलाइने छ ।

५.७.५ शिक्षण सिकाइलगायत व्यवस्थापकीय क्रियाकलापमा भर्चुअल ल्याबलगायत सूचना प्रविधिका नवीनतम साधनको प्रयोग गरी सूचना प्रविधिको प्रयोगमा उत्कृष्टता प्रवर्द्धन गर्न विद्यालयलाई प्रोत्साहन गरिने छ।

५.७.६ विद्यालयमा विषयगत प्रयोशाला एवम शैक्षिक सामग्रीको सुनिश्चितता हुने गरी बालमैत्री विद्यालय वातावरण निर्माण गरिने छ ।

५.७.७ परियोजना कार्य तथा कार्यथलोमा आधारित सिकाइ, बहुकक्षा बहुतह विधि, अनलाइन/अफलाइन जस्ता बहुविधि प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रक्रियामार्फत् विद्यार्थीलाई सिकाइप्रति जिम्मेवार गराइने छ ।

५.७.८ स्थानीय र राष्ट्रिय मूल्य मान्यता, सांस्कृतिक परम्परा, ज्ञान सिपलाई नियमित शैक्षिक प्रक्रियासँग आबद्ध गर्ने व्यवस्था गरिने छ ।

५.७.९ राष्ट्रिय र स्थानीय पाठ्यक्रमका विषयवस्तुलाई स्थानीय बजार र सिपसँग आबद्ध गरी पढ्दै कमाउँदै जस्ता रोजगारमूलक र व्यावहारिक शिक्षण सिकाइका तौरतरिका अवलम्बन गर्ने व्यवस्था मिलाइने छ ।

**नीति ५.८: शिक्षण सिकाइमा मातृभाषा तथा लिपिको प्रवर्धन गर्ने**

**कार्यनीति**

५.८.१ शिक्षण सिकाइको माध्यम भाषाको रूपमा विद्यार्थीको मातृभाषालाई प्रवर्धन गर्न चाहिने विद्यालयका लागि डिजिटल तथा ननडिजिटल सामग्रीको विकास गर्न सहयोग गरिने छ ।

५.८.२ मातृभाषालाई विषयको रूपमा लैजान चाहिने डिजिटल तथा ननडिजिटल सामग्री उत्पादन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

५.८.३ फरक भाषा एकैसाथ सिक्ने सिकाउने डिजिटल तथा ननडिजिटल सामग्री निर्माण गर्न सहयोग गरिने छ।

५.८.४ नगरपालिकामा बोलिने भाषाको संरक्षण र प्रवर्धन गर्न आवश्यक अध्ययन तथा अनुसन्धान गरिने छ।

५.८.५ मातृभाषामा पठनपाठन गर्न चाहने विद्यालयका शिक्षकको भाषासम्बन्धी क्षमता विकास गरिने छ ।

**नीति ५.९: विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउने**

**कार्यनीति**

५.९.१ विद्यालय शिक्षामा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग र आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउन आवश्यक सहजीकरण गरिने छ ।

५.९.२ नगरपालिकाले सञ्चालन गर्ने कक्षा ३, ५ र ८ वा यस्तै किसिमको परीक्षालाई प्रभावकारी बनाउन आवश्यक प्राविधिक सहयोग र जनशक्तिको क्षमता अभिवृद्धि गरिने छ ।

५.९.३ परीक्षाको परिणाम विश्लेषण गरी शिक्षण सिकाइमा ल्याउने सुधारका लागि कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

५.९.४ पाठ्यक्रमले तय गरेको मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनमा शिक्षकको क्षमता विकास गरिने छ ।

५.९.५ सबै शिक्षकले पाठ्यक्रममा आधारित सिकाइ मूल्याङ्कन पद्धतिको प्रयोग गरेको सुनिश्चतता हुने छ ।

५.९.६ ReAL Plan मा आधारित सिकाइ सुधारका लागि आवश्यक प्रबन्ध गरिने छ ।

**नीति ५:१०: आधारभूत तह परीक्षा (कक्षा ८ र कक्षा ५) को स्तरीकरण, व्यवस्थापन, सञ्चालन र प्रमाणीकरण गर्ने**

**कार्यनीति**

५.१०.१ परीक्षाको स्वरूप, परीक्षा व्यवस्थापन तथा नतिजा विश्लेषणलगायतका परीक्षा तथा मूल्याङ्कनसम्बन्धी विषयमा कार्यक्रम सञ्चालन गरिने छ ।

५.१०.२ ग्रिडका आधारमा स्तरीकृत परीक्षा प्रणालीको विकास गरिने छ ।

५.१०.३ बहुबुद्धिमत्ता (Multiple Intelligence) लगायतका अद्यावधिक अभ्यासमा आधारित भई प्रश्नपत्र विकास तथा परीक्षा सञ्चालन गरिने छ । यसका लागि सङ्घ तथा प्रदेशका परीक्षा व्यवस्थापन गर्ने निकायसँग समन्वय तथा सहकार्य गरिने छ ।

**नीति ५.११: गुरुकुल, मदर्सा, गोन्पालगायतका शिक्षालाई मूलधारमा ल्याउन प्रोत्साहित गरिने छ ।**

**कार्यनीति**

५.११.१ सङ्घीय कानुनको परिधिभित्र रही भविष्यमा स्थापना हुने तथा भई सञ्चालनमा रहेका गुरुकुल, मदर्सा, गुम्बालगायत परम्परागत तथा धार्मिक प्रकृतिका शिक्षालयलाई विद्यालय शिक्षाको मूलधारमा ल्याउन आवश्यक प्रबन्ध गरिने छ ।

५.११.२ यस्ता धार सञ्चालन गर्ने शिक्षालयले मापदण्डबमोजिम मूल विषय अनिवार्य रूपमा पठनपाठन गर्ने तथा परीक्षा दिने प्रबन्ध गरिने छ ।

५.११.३ गुरुकुल, मदर्सा, गुम्वा आदिमा अध्ययन गरेका विद्यार्थीलाई अन्य विद्यालयमा सहज प्रवेशका लागि सङ्घीय प्रावधानअनुरूप आवश्यक व्यवस्था गरिने छ ।

५.११.४ योग, ध्यान, ऐतिहासिक एवम् पौराणिक साहित्यमा रहेका वैज्ञानिक पक्षको खोज,उपयोग र प्रवर्द्धनमा जोड दिइने छ ।

**नीति ५.१२: बहुसरोकारवालासँगको सहयोग र सहकार्यमा विशेष शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रम सञ्चालन गर्ने**

**कार्यनीति**

५.१२.१ विविध अपाङ्गता तथा फरक सिकाइ क्षमता भएका बालबालिकाको नगरपालिकास्तरीय अभिलेख तयार गरिने छ ।

५.१२.२ विशेष सिकाइ आवश्यकता भएका बालबालिकाको सङ्ख्याको आधारमा विशेष सुविधासहितको आवासीय विद्यालय स्थापना गर्न आवश्यक व्यवस्था गरिने छ ।

५.१२.३ बालबालिकाको सर्वाङ्गीण विकासका लागि विभिन्न संघसंस्थाको सहकार्यमा विशेष खेलकुद तथा अतिरिक्त कार्यकलापको आयोजना गरिने छ ।

५.१२.४ समाजमा वहिष्करणमा परेका र विद्यालय शिक्षाको पहुँचभन्दा बाहिर रहेका समूहका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउन सहयोग र सहजीकरण गरिने छ।

५.१२.५ विशेष शिक्षाको कार्यक्रमलाई आवश्यकता र उपयुक्तता हेरी सिप विकास र रोजगारीसँग आबद्ध गरिने छ ।

५.१२.६ माध्यमिक तहसम्म समावेशी शिक्षण व्यवस्थापन गरिने छ । शिक्षण संस्थामा अपाङ्गता भएका विद्यार्थी अनुकूल वातावरण सिर्जना गरिने छ ।

५.१२.७ शिक्षण संस्थामा विशेष कक्षाको व्यवस्था गर्न हाल सञ्चालनमा रहेका विशेष शिक्षाका आवासीय स्रोत केन्द्र र विशेष कक्षाका विद्यालयको विस्तार गर्न नगरपालिकासँग सहकार्य गर्न प्रोत्साहन गरिने छ।

५.१२.८ सबै किसिमका अपाङ्गता भएका विद्यार्थीको आवश्यकताअनुरूपका शैक्षिक एवम् पाठयसामग्री उत्पादन एवम् वितरण गर्न आवश्यक प्रबन्ध मिलाइने छ ।

५.१२.९ अपाङ्गता भएका बालबालिका, आर्थिक रूपले विपन्न र मुलधारमा समावेश हुन नसकी विद्यालय शिक्षाबाट वञ्चित लक्षित समुदायका बालबालिकालाई निःशुल्क शिक्षा दिने व्यवस्था गर्न आवश्यक प्रबन्ध गरिने छ।

५.१२.१० अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त शैक्षिक सामग्रीको विकास गर्न सम्वन्धित संस्थासँग सहकार्य गरिने छ।

४.१२.११ विद्यालय व्यवस्थापनले एकअर्काको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक विचार र दृष्टिकोण तथा शारीरिक भिन्नतालाई सम्मान गर्ने प्रबन्ध मिलाउन आवश्यक व्यवस्था गरिने छ ।

५.१२.१२ समावेशी र भेदभावरहित वातावरण सिर्जना गर्नका लागि विभेदमा शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ।

५.१२.१३ बालिका तथा मूलधारभन्दा बाहिर रहेका सबै समूहलाई मूलधारमा समावेश गराउन आवश्यक सहयोग गरिने छ। बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गरी यस क्षेत्रका कार्यक्रमलाई एकीकृत गरी सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

५.१२.१४ हरेक शैक्षिक संस्थाबाट समावेशिता, हिंसाविहीनता तथा सुरक्षासम्बन्धी आचारसंहिता तथा कार्यक्रम सार्वजनिक गर्ने व्यवस्था गरिने छ ।

**नीति ५.१३: विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई सबलीकरण गर्दै नियमित शैक्षिक कार्यक्रमको रूपमा प्रवर्द्धन गर्ने**

**कार्यनीति**

५.१३.१ प्रदेश स्वास्थ्य मन्त्रालयसँग समन्वय र सहकार्य गरी सबै माध्यमिक विद्यालयमा विद्यालय नर्सको व्यवस्था गरिने छ। विद्यालय नर्सको सेवालाई सम्बन्धित माध्यमिक विद्यालयको सेवाक्षेत्र भित्र रहेका आधारभूत विद्यालयमा समेत परिचालन गरिने छ ।

५.१३.२ पत्रु खानाको प्रयोगलाई निरुत्साहन गर्दै र स्थानीय खाद्य सामग्रीको प्रयोगमा प्रोत्साहित गरी सबै बालबालिकालाई स्वस्थ्यकर दिवा खाजाको व्यवस्था गरिने छ।

५.१३.३ बालक्लब तथा विद्यार्थीको सहभागितामा स्वस्थ बानी र व्यवहार विकास गर्न उत्प्रेरित गरिने छ।

५.१३.४ पारिस्थितिक पद्धति र पर्यावरणप्रति सचेत र जिम्मेवार नागरिक बनाउन सहयोग गरिने छ।

५.१३.५ विद्यार्थीको स्वास्थ्य परीक्षणका लागि खोप कार्डको व्यवस्था गरिने छ ।

**नीति ५.१४: विज्ञान (Science), प्रविधि (Technology), इन्जिनियरिङ (Engineering), कला (Arts), गणित (Mathematics) र वातावरण (Environment) को एकीकृत रूप STEAME सँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने**

**कार्यनीति**

५.१४.१ आधारभूत तहमा रहेको एकीकृत बहुविधागत र अन्तरविधागत पाठ्यक्रमलाई STEAME को दृष्टिकोणबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

५.१४.२ अन्य कक्षामा बहुविधात्मक शिक्षणका लागि शिक्षकको बिचमा सहकार्य विकास गर्ने संयन्त्र निर्माण गर्न सहयोग गरिने छ ।

५.१४.३ हरेक विद्यालयमा विज्ञान STEAME सिकाइअनुरूप कक्षा बनाउन आवश्यक सहकार्यात्मक सिकाइ स्थल निर्माण गर्न सहयोग गरिने छ ।

५.१४.४ विज्ञान, प्रविधि र गणित जस्ता विषयलाई कला, संस्कृति तथा श्रमसँग जोडेर सिकाइ गर्ने वातावरण निर्माणका लागि सहजीकरण गरिने छ ।

५.१४.५ विद्यालय शिक्षालाई सान्दर्भिक, परिणामुखी, सिपयुक्त, उत्पादन केन्द्रित, अर्थपूर्ण बनाउन विद्यालयमा करेसाबारी, कृषिकार्य, सहकार्यात्मक सिकाइ स्थल, सामाजिक उद्यमशीलता (social entrepreneurship) जस्ता सिकाइ कार्यक्रम सञ्चालन गर्न सहयोग गरिने छ ।

५.१४.६ अनलाइन, रेडियो तथा टेलिभिजन कार्यक्रममार्फत् STEAME को एकीकृत प्रयोगसम्बन्धी कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाइने छ ।

५.१४.७ विद्यार्थीको व्यवहार कौशल सिप विकास गर्ने कार्यमा प्रोत्साहन गरिने छ । शिक्षणलाई प्रायोगिक सिकाइसँग आबद्ध गर्न आवश्यक पूर्वाधार विकासमा सहयोग गरिने छ।

५.१४.८ वैज्ञानिक सम्मेलन, वैज्ञानिक प्रतिभा चयन तथा पुरस्कृत गर्ने व्यवस्था गरिने छ ।

५.१४.९ नवप्रवर्तनलाई मुखरित गर्न विज्ञान, प्रविधि तथा कलाका क्षेत्र समेटी सबै क्षेत्रमा बहुविधात्मक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । विद्यालय तहबाट नवप्रवर्तन र आविष्कारलाई प्रवर्द्धन गर्दै व्यावसायिकता र उद्यमशीलताको प्रवर्द्धन गर्न प्रतिभा पहिचान, आइडिया इन्क्युबेसन विकास र स्टार्ट अपमा जोड्ने कार्यलाई प्रोत्साहन गर्ने

**नीति ५.१५: विद्यालयको पुनः नक्साङ्कन गरी शिक्षाको सहज पहुँच सुनिश्चित गर्ने**

**कार्यनीति**

५.१५.१ सबै बालबालिकालाई शिक्षाको पहुँच सुनिश्चित गर्न सरकारी, सामुदायिक, निजी तथा साझेदारीको ढाँचा अवलम्बन गरिने छ ।

५.१५.२ विद्यालय शिक्षालाई अनौपचारिक तथा वैकल्पिक शिक्षा/खुला मोडका कार्यक्रम सञ्चालन गरी सबैलाई सहज शिक्षाको पहुँच सुनिश्चित गर्ने प्रबन्ध गरिने छ ।

५.१५.३ दलित, अपाङ्गता भएका व्यक्ति, सहिदका सन्तति तथा आर्थिक रूपले विपन्नको शिक्षामा पहुँच सुनिश्चित गर्न पूर्ण वा आंशिक छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाइने छ। तिनीहरूलाई आवश्यकताअनुसार छात्रावासको सुविधासमेत उपलब्ध गराउने प्रबन्ध मिलाइने छ ।

**नीति ५.१६: विद्यालयलाई उत्कृष्टताको केन्द्र (Center of Excellence) को रूपमा विकास गर्ने**

**कार्यनीति**

५.१६.१ सञ्चालनमा रहेका र स्थापना हुने विद्यालयलाई विषयगत तथा बहुविषयका रूपमा विकसित गर्दै राष्ट्रियअन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न प्रोत्साहित गरिने छ।

५.१६.२ अध्यापनमा संलग्न शिक्षक तथा कर्मचारीलाई अनुसन्धान गर्ने वातावरण बनाइने छ ।

५.१६.३ अन्तर्राष्ट्रिय स्तरका शिक्षक तथा प्रशिक्षकलाई स्वयम् सेवाका रूपमा कार्य गर्नका लागि वातावरण सिर्जना गरिने छ ।

**नीति ५.१७ विद्यालयलाई समुदायसँग आबद्ध गर्ने**

**कार्यनीति**

५.१७.१ विद्यालय शिक्षालाई समुदायको विकाससँग एकाकार गर्न अनिवार्य रूपमा सेवा शिक्षा कार्यक्रम लागू गरिने छ ।

५.१७.२ स्नातक र स्नातकोत्तर पूरा गर्ने विद्यार्थीलाई तोकिएको अवधि र समुदायको विकासका लागि थप काम गर्ने वातावरण सिर्जना गरिने छ ।

५.१७.३ समुदायलाई विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि क्षमता विकास गरी परिचालन गरिने छ ।

**नीति ५.१८: शैक्षिक कार्यक्रम प्रदायक संस्थाको नियमन तथा अनुगमन गर्ने**

**कार्यनीति**

५.१८.१ मानक तयारी भाषा कक्षा, मन्टेसरी, प्रारम्भिक बाल विकास शिक्षा तथा अन्य शिक्षण संस्थाको दस्तावेजीकरण एवम् अनुमति र स्वीकृति गरिने छ ।

५.१८.२ यस्ता संस्थाको शुल्क, पाठ्यांश, शिक्षक, प्रशिक्षक, प्राध्यापकका सेवा/शर्त, व्यवस्थापनलगायतको अनुगमन गर्ने प्रबन्ध मिलाइने छ ।

५.१८.३ यस्ता संस्थाको नवीकरण र मानकको परिपालन भए/नभएको सम्बन्धमा नियमित अनुगमन गरिने छ ।

५.१८.४ सञ्चालनमा रहेका शैक्षिक परामर्श, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्स कार्यक्रमको प्रोफाइल तयार गरिने छ ।

५.१८.५ निश्चित सर्त एवम् मापदण्डका आधारमा शैक्षिक परामर्श, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्सकार्यक्रमको अनुमति प्रदान गरिने छ ।

५.१८.६ सञ्चालनमा रहेका शैक्षिक परामर्श, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्स कार्यक्रमको अनुगमन, निरीक्षण र नियमन गरिने छ । त्यसको आधारमा नवीकरणको व्यवस्था मिलाइने छ ।

५.१८.७ ब्रिज कोर्स, भाषा शिषण (IELTS, TOEFL, PTE, GRE, SAT), पूर्व तयारी कक्षाको शुल्कका लागि निश्चित मापदण्ड बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

**नीति ५.१९: शिक्षण सिकाइलाई जनमुखी, व्यावहारिक एवम् आधुनिक ज्ञान, सिप, प्रविधि र उत्पादनसँग जोड्ने गरी पठन पाठन गर्ने प्रबन्ध मिलाउने**

**कार्यनीति**

५.१९.१ शिक्षण सिकाइलाई जनमुखी, व्यावहारिक, वैज्ञानिक तथा उत्पादनसँग जोड्ने काममा शिक्षक र विद्यार्थीलाई जिम्मेवार बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

५.१९.२ सबै तहका विद्यार्थीमा भएका प्रतिभाको खोजी गरी तिनको विकास गर्ने काममा सघाइने छ ।

५.१९.३ पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रियालाई समस्या समाधानमुखी बनाउन आवश्यक सामग्री तयार गरिने छ।

५.१९.४ शिक्षण सिकाइ प्रक्रियामा STEAME Education को एकीकृत प्रयोगमा जोड दिइने छ।

५.१९.५ शिक्षासँग सम्बन्धित अनुभवलाई व्यवहारमा आबद्ध गरिने छ ।

**नीति ५.२०: औपचारिक शिक्षातर्फका बालविकास, आधारभूत, माध्यमिक तथा अनौपचारिकतर्फका साक्षरता, साक्षरोत्तर तथा आजीवन शिक्षाको जिम्मेवारी पूरा गर्न आवश्यकताअनुसार सहकार्य गर्ने**

**कार्यनीति**

५.२०.१ अनौपचारिक तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालनमा सामुदायिक सिकाइ केन्द्रलाई सक्रिय बनाई नतिजामा आधारित प्रोत्साहनको व्यवस्था गरिन्छ।

५.२०.२ मागका आधारमा औपचारिक तथा अनौपचारिक शिक्षा सुधारका लागि आवश्यक सहयोग गरिने छ ।

५.२०.३ नगरपालिकामा भएका किसान, मजदुर तथा अन्य समूहका व्यक्तिमा भएका ज्ञान र सिपको खोजी गरी तिनलाई अद्यावधिक गर्ने तथा उनीहरूलाई आधुनिक ज्ञान दिन आवश्यक प्रबन्ध गरिने गरिने छ ।

५.२०.४ विविध शैक्षिक योग्यता एवम् पेसामा संलग्न व्यक्तिको ज्ञान, सिप र प्रविधिलाई अद्यावधिक गर्न प्रविधिमा आधारित आजीवन शिक्षा सुनिश्चित गर्न ज्ञानपार्क बनाइने छ । त्यस्ता पार्कमा रेडियो, टेलिभिजन, कम्प्युटर, अनलाइन, अफलाइन तथा भर्चुअल सेवा उपलब्ध हुने छ । जनस्तरका डबली, चपा, दलान जस्ता संरचनालाई स्रोत केन्द्रका रूपमा विकसित गरिने छ ।

५.२०.५ रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन तथा भर्चुअल सेवा दिन सम्बन्धित सञ्चारका साधनलाई चाहिने प्रसारका सामग्री उपलब्ध गराउने छ ।

५.२०.६ सबै शैक्षिक संस्थालाई आफ्ना सबल पक्ष र कमी कमजोरीबाट निरन्तर सिक्ने र सुधार गर्ने मार्गचित्र अभ्यास गर्न लगाइने छ।

**नीति ५.२१: प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने**

**कार्यनीति**

५.२०.१ नगर क्षेत्रभित्रका परम्परागत प्रविधि तथा व्यावसायिक सिपहरूको दस्तावेजीकरण (सङ्कलन, वर्गीकरण, र प्राथमिकीकरण) गरिने छ ।

५.२०.२ प्रविधि तथा सिपमा भएका ज्ञान एवम् सिपको संकलन गरी मोडुलर र ननमोडुलर पाठ्यक्रम तथा सन्दर्भ सामग्री तयार पारी विद्यालयमा पठनपाठन गराउने प्रबन्ध मिलाइने छ ।

५.२०.३ प्राविधिक धारको कार्यक्रमको कार्यस्थल अभ्यास तालिम (On the Job Training) तथा प्रयोगात्मक कार्यलाई अन्य विद्यालय र समुदायको क्षमता विकास र सेवासँग आबद्ध गर्दै पढ्दै कमाउँदै ढाँचामा कार्यान्वयन गरिने छ।

५.२०.४ परम्परागत ज्ञान तथा सिपलाई प्रविधिसँग जोडी तिनको उद्यमीकरण गर्दै तिनलाई रोजगारीमा आबद्ध गरिने छ ।

५.२०.६ नगर क्षेत्रभित्र आवश्यक निम्न र मध्यमस्तरको जनशक्ति निर्माणमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपसम्बन्धी छोटो र लामो अवधिका कार्यक्रम सञ्चालन गरिने छ।

**नीति ५.२१:विद्यार्थीका लागि वृत्ति मार्ग निर्देशन सेवा (Career counseling service) सञ्चालन गर्ने**

**कार्यनीति**

५.२१.१ कक्षा ८, १० र १२ का विद्यार्थी, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका प्रशिक्षार्थी र उच्च शिक्षाका विद्यार्थीका लागि वृत्ति मार्ग निर्देशन सेवा उपलब्ध गराइने छ।

५.२१.२ स्थानीय विषयगत उद्योगसम्बद्ध संस्था एवम् प्रतिष्ठानहरूसँग समन्वय र सहकार्य गरी रोजगार मेलाको आयोजना र वृत्ति मार्ग निर्देशन सेवा उपलब्ध गराइने छ।

५.२१.३ वृत्ति मार्ग निर्देशन सेवा सञ्चालनलाई थप प्रभावकारी बनाउन डाटाबेस र अनलाइन पद्धतिको उपयोग गरी युवालाई समेत सेवा प्रदान गरिने छ। विद्यालयमा अनुगमन तथा सहजीकरणको व्यवस्था गरिने छ।

५.२१.४ प्रत्येक विद्यालयमा एक जना शिक्षकलाई वृत्ति मार्ग निर्देशन सेवाको सम्पर्क व्यक्ति (फोकल पर्सन) को व्यवस्था मिलाइने छ। कार्यरत जनशक्ति र शिक्षकको क्षमता अभिवृद्धि गरिने छ।

**नीतिः ५.२२: उद्योग, कलकारखाना, व्यवसायी, व्यापारी, उद्यमी तथा अन्य सरोकारवालासँग सहकार्य गरी पढाइलाई रोजगारीसँग आबद्ध गर्ने**

**कार्यनीति**

५.२२.१ प्राविधिक तथा व्यावसायिक जनशक्तिको प्रक्षेपण गरिने छ ।

५.२२.२ प्रक्षेपित जनशक्तिको आधारमा तात्कालिक, अल्पकालीन र दीर्घकालीन सिप विकास तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

५.२२.३ आवश्यक पर्ने सिपयुक्त जनशक्ति विकासका लागि नियमित तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ ।

५.२२.४ नगरपालिका क्षेत्र भित्र रहेका उद्योगी, व्यापारी तथा उद्यमीको सहकार्य तथा सहजीकरणमा विद्यार्थीलाई आवश्यक सिप सिकाउने प्रबन्ध मिलाइने छ ।

५.२२.५ दश महिने कार्य थलोमा आधारित (on the job) तालिम सञ्चालनका लागि सहजीकरण र क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिने छ।

**नीति ५.२३: सामुदायिक पुस्तकालय, ज्ञान पार्क एवम् विज्ञान प्रदर्शनी स्थलको स्थापना र विकास गर्ने**

**कार्यनीति**

५.२३.१ पुस्तक पढ्ने संस्कृति प्रवर्द्धन गर्न र अध्ययन तथा अनुसन्धानलाई टेवा पुर्‍याउन आवश्यकताअनुसार गैरसरकारी संस्था र निजी क्षेत्रको सहकार्य पुस्तकालय स्थापना र सञ्चालन गरिने छ ।

५.२३.२ विज्ञान प्रदर्शनी स्थल तथा ज्ञानपार्क स्थापना र सञ्चालनका लागि प्रोत्सहित गरिने छ ।

५.२३.३ विद्यार्थीको सिकाइ प्रभावकारी बनाउन विज्ञान प्रदर्शनी स्थलको प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

५.२३.४ पुस्तकालय र विज्ञान प्रदर्शनी स्थल मार्फत समुदायमा वैज्ञानिक-प्राविधिक साक्षरता कार्यक्रम सञ्चालन गरिने छ।

५.२३.५ सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिसहितको पुस्तकालय तथा वाचनालय स्थापना गरी समुदायमा पठन संस्कृतिको विकास गराउँदै निरन्तर सिकाइ केन्द्रको रूपमा विकास गरिने छ ।

**नीति ५.२४: सङ्ग्रहालयको स्थापना गरी अनुसन्धान र अन्वेषणको केन्द्र बनाउने**

**कार्यनीति**

५.२४.१ पुरातत्त्व विभागको सहकार्यमा टोखा नगर क्षेत्रभित्रका विभिन्न ठाउँमा पहिचान भएका र सम्भाव्य सांस्कृतिक तथा धार्मिक स्थल र सम्पदाको खोजी गरिने छ ।

५.२४.३ पौराणिक एवम् ऐतिहासिक वस्तु र कलाको अन्वेषण र संरक्षण गर्दै जनजातिगत तथा भाषागत सङ्ग्रहालयलाई पर्यटन पूर्वाधारको रूपमा विकास गरिने छ ।

५.२४.४ पुरातात्विक र सांस्कृतिक महत्त्वका घटना र विषयवस्तुलाई पाठ्यक्रमको विषयवस्तुसँग आबद्ध गरी शिक्षण सिकाइ गर्न शिक्षकलाई तालिमको व्यवस्था गरिने छ ।

५.२४.५ लोपोन्मुख सांस्कृतिक उत्सव तथा पर्व र बाजाको संरक्षण र संवर्द्धन गर्न समुदायका व्यक्तिलाई तालिम तथा प्रोत्साहनको व्यवस्था गरिने छ ।

**नीति ५.२५: विद्यालय शिक्षक तथा कर्मचारीको छनोट र नियुक्ति**सम्बन्धी **कार्यलाई बैज्ञानिक र पारदर्शी बनाउने**

**कार्यनीति**

५.२५.१ सङ्घीय कानुनको अधीनमा रही निश्चित सर्त र मापदण्डको आधारमा आवश्यक शिक्षक तथा कर्मचारीको व्यवस्था गरिने छ ।

५.२५.२ शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीबाट करार सेवामा शिक्षक तथा कर्मचारी भर्ना गर्ने व्यवस्था मिलाइने छ ।यस्ता सूचीबाट शिक्षकको आपूर्ति नहुने भएमा शिक्षक बैङ्कमार्फत शिक्षकको व्यवस्थापन गर्दै विद्यार्थीको सिकाइ सुनिश्चिता गरिने छ ।

५.२५.३ सङ्घीय कानुनबमोजिम तोकिएको आधारमा नगरपालिका र सङ्घीय आर्थिक स्रोतमा विषयगत शिक्षक तथा कर्मचारीको दरबन्दी तथा आपूर्ति व्यवस्था मिलाइने छ ।

५.२५.४ दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापनसम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गरिने छ ।

**नीति ५.२६: कार्यरत शिक्षक, प्रधानाध्यापक, कर्मचारी,** विद्यालय **व्यवस्थापन समिति** तथा **शिक्षक अभिभावक सङ्घको पेसागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने**

**कार्यनीति**

५.२६.१ शैक्षिक सेवा प्रवाहमा संलग्न प्रमुख सेवा प्रदायक तथा सरोकारवालाको शिक्षण सिकाइ, अनुगमन, कार्यथलो अनुसन्धान र व्यवस्थापकीय कार्यसम्बन्धी क्षमता विकास गरिने छ।

५.२६.२ शैक्षिक तालिम केन्द्रको समन्वयमा तालिमका कार्यक्रम सञ्चालन एवम् पेसागत विकास सहयोगको संयन्त्रको रूपमा विकास गरिने छ ।

५.२६.३ शिक्षक तथा प्रधानाध्यापक तालिमलाई कार्यथलोको परियोजना कार्यमा आधारित बनाई फेस-टु-फेस तथा अनलाइन मोडालिटीमा सञ्चालन गर्ने व्यवस्था गरिने छ ।

५.२६.४ शिक्षक तथा प्रधानाध्यापकले प्रत्येक वर्ष निश्चित अवधिको कक्षा शिक्षण, विद्यालय विकास, विद्यार्थी मूल्याङ्कन, शिक्षामा नवप्रवर्तनलगायतका विषयमा तालिम लिनुपर्ने व्यवस्था गरिने छ ।

५.२६.५ शिक्षक र नेतृत्वकर्ताको पेसागत तथा व्यवस्थापकीय क्षमता विकासका लागि विषयगत, विधागत तथा जेनेरिक तालिमका मोड्युलर तथा ननमोड्युलर सामग्री डिजिटल तथा ननडिजिटल रूपमा विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

५.२६.६ विद्यालयलाई अभिभावक शिक्षाका कार्यक्रमको सञ्चालनका लागि जिम्मेवार बनाउन सहजीकरण गरिने छ ।

५.२६.७ शिक्षक तथा कर्मचारीको पेसागत विकासका लागि (सेवाकालीन तालिम, अनुसन्धान वा कार्यमूलक अनुसन्धान, असल अभ्यास भएका शैक्षिक संस्थाहरूको अध्ययन भ्रमण, समसामयिक विषयवस्तुमा गोष्ठी र सेमिनारमा सहभागिता, आलोचनात्मक स्वाध्ययन, प्रकाशन, अनलाइन तथा भर्चुअल सिकाइ लगायत) कार्यक्रम सञ्चालन गरिने छ ।

५.२६.८ पेसागत विकास कार्यक्रममा संलग्न निकायको स्तरोन्नति गरिने छ । पेसागत विकासका लागि आधुनिक सूचना प्रविधिको प्रयोग गरिने छ ।

५.२६.९ उत्कृष्ट विद्यालय शिक्षक, विद्यार्थी, कर्मचारी, व्यवस्थापन समिति, समुदायमा आधारित गैरसरकारी संस्था एवम् अभिभावक पहिचान गरी पुरस्कृत गर्ने गराउने प्रबन्ध मिलाइने छ।

५.२६.१० विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको क्षमताका लागि सङ्घ, प्रनेश तथा अन्य स्थानीय तहसँग समन्वय र सहकार्य गरिने छ।

**नीति ५.२७: कार्यरत जनशक्तिको ज्ञान, सिप, तथा क्षमता विकास गर्ने**

**कार्यनीति**

५.२७.१ सबै क्षेत्रका जनशक्तिको पेसागत ज्ञान, सिप तथा क्षमताको प्रोफाइल बनाई त्यसको डिजिटाइज गरिने छ ।

५.२७.२ जनशक्तिको ज्ञान, सिप तथा क्षमता विकास गर्न कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

५.२७.३ समूह संवाद र सिकाइका लागि वेब पोर्टल तयार गरी सञ्चालन गरिने छ । आमने सामने तथा भर्चुअल तरिकाबाट थप ज्ञान, सिप तथा क्षमता अभिवृद्धि गर्ने प्रबन्ध गरिने छ ।

५.२७.४ स्वदेश तथा विदेशको अनुभव आदानप्रदान गर्न स्वदेशी तथा विदेशी सङ्घ संस्थागत भगिनी सम्बन्ध राख्ने प्रबन्ध मिलाइने छ ।

५.२७.५ नगरपालिकास्तरीय जनशक्ति आवश्यकता र प्रक्षेपण गर्न सहजीकरण गरिने छ । स्थानीय जनशक्तिको आवश्यकता र प्रक्षेपण गरी जनशक्ति योजना नीति र. योजना निर्माण गरिने छ ।

५.२७.६ शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिमैत्री र समालोचनात्मक चिन्तनमा आधारित बनाइने छ ।

**नीति ५.२८ः शिक्षणा संस्थाको नतिजामूलक अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन संयन्त्र विकास गर्ने**

**कार्यनीति**

५.२८.१ प्राविधिक शिक्षा दिने विद्यालयको अनुगमन,सुपरिवेक्षण तथा मूल्याङ्कनको व्यवस्था गरी गुणस्तर अभिवृद्धि गरिने छ।

५.२८.२ सुपरिवेक्षणको कार्यलाई प्रभावकारी बनाउन सहभागितामूलक, नतिजामूलक तथा सुधारात्मक प्रणालीको विकास गरिने छ ।

५.२८.३ सुपरिवेक्षण तथा अनुगमनलाई शिक्षण सिकाइको अङ्गको रूपमा विकसित गर्दै शिक्षकलाई गर्दै सिक्दै र स्वमूल्याङ्कन गर्ने कक्षाकोठामा आधारित अनुगमन प्रणालीको विकास गरिने छ ।

५.२८.४ अनुमगनबाट प्राप्त सूचनालाई शैक्षिक सूचना प्रणालीसँग एकीकृत गरी संस्थागत सुधारका लागि प्रयोग गरिने छ।

५.२८.५ अनुगमनबाट प्राप्त सूचना र नगरपालिकासँगको सहकार्यमा विद्यालय तथा प्राविधिक शिक्षालयको स्तरीकरण (ग्रेडिङ) गरिने छ ।

५.२८.६ अनुगमनलाई सहज बनाउन ट्र्याकिङ सफ्टवेयर बनाई कार्यान्वयनमा ल्याइने छ।

**नीति ५.२९: विद्यालयको सिकाइ वातवरणको विकास एवम् सुशासनमा सुधार गर्ने**

**कार्यनीति**

५.२९.१ विद्यालय, नगरपालिका र स्थानीय शैक्षिक सरोकारवाला एवम् विज्ञको संलग्नतामा अनुगमन र रिपोर्टिङ संयन्त्र तयार गरी कार्यान्वयन गरिने छ ।

५.२९.२ अन्तर विद्यालय, अन्तर स्थानीय तह र अन्तरप्रदेश शैक्षिक व्यवस्थापनका असल अभ्यास आदानप्रदान गरी सिक्ने सिकाउने वातावरण तयार गरिने छ ।

५.२९.३ विद्यालयको निर्णय प्रक्रियामा अभिभावकको अर्थपूर्ण सहभागिता र योगदान जुटाउन विद्यालयलाई प्रोत्साहन गरिने छ।

५.२९.४ शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र नगरपालिकाका पदाधिकारीलाई आफ्नो कार्यका लागि सम्बन्धित सरोकारवालाप्रति जवाफदेही र पारदर्शी बनाउन जवाफदेही संयन्त्र निर्माण गरिने छ।

५.२९.५ सिकाइ वातावरणको सुनिश्चिताका लागि विद्यालयको पूर्वाधार विकास तथा गुणस्तर अभिवृद्धिका लागि विद्यालयलाई सहयोग गरिने छ ।

५.२९.६ विपत्बाट शिक्षा क्षेत्रमा हुने जोखिम न्यूनीकरण गर्न प्रदेश र नेपाल सरकारसँग समन्वय र सहकार्य गरी विपत् उत्थानशील शिक्षण सिकाइ प्रणाली एवम् पूर्वाधारको निर्माण गरिने छ।

**नीति ५.३०: शैक्षिक उन्नयनको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास र प्रयोग गर्ने**

**कार्यनीति**

५.३०.१ उत्कृष्ट विद्यालय, शिक्षक, प्राध्यापक, कर्मचारी, व्यवस्थापन समिति, विद्यार्थी र अभिभावकलाई पुरष्कृत गर्न शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग गरिने छ ।

५.३०.२ प्रदेश तथा सङ्घीय तहसँग मिल्दो एकै प्रकृतिको सूचना राख्ने खाका तयार पारिने छ ।

५.३०.३ विद्यार्थीको पारिवारिक, आर्थिक, सामाजिक तथा शैक्षिक जानकारीहरू एकै साथ प्राप्त गर्ने अन्तरविषयक (Interdisciplinary) तथ्याङ्क व्यवस्थापनको प्रबन्ध मिलाइने छ।

५.३०.४ तथ्याङ्कलाई सङ्घसंस्था तथा शोधकर्ताले त्यसको उपयोग गर्न पाउने व्यवस्था गरिने छ तर व्यक्तिगत गोपनीयता सुनिश्चित गर्न प्रयोगकर्ताले सर्तनामामा सही गर्नुपर्ने छ ।

५.३०.५ अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चतताका लागि वास्तविक प्रमाणमा आधारित नगर शिक्षा योजना तयार गरिने छ ।

**नीति ५.३१: बाह्य स्रोत परिचालन गरी शिक्षाका प्राथमिकताका क्षेत्रमा लगानी बढाउने**

**कार्यनीति**

५.३१.१ शिक्षामा प्राथमिकता, कार्यक्रम, तिनका उपलब्धि र प्रभाव सहितको खाका तयार गरी सार्वजनिक गरिने छ ।

५.३१.२ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था एवम् गैरसरकारी संस्थालाई शिक्षाका प्राथमिकता प्राप्त क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

५.३१.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा गरिएका प्रतिबद्धताअनुरूप सार्वजनिक बजेटको निश्चित हिस्सा शिक्षामा लगानी गर्ने व्यवस्था मिलाइने छ ।

५.३१.४ बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्था र नतिजा (प्रभावकारिता र दक्षता) को प्रतिवेदन सार्वजनिक गर्ने र सोको मूल्याङ्कनका आधारमा कार्यक्रम अद्यावधिक गरिने छ ।

**नीति ५.३२: निजी लगानीमा खुलेका शिक्षण संस्थालाई व्यवस्थित र उत्तरदायी बनाउने**

**कार्यनीति**

५.३२.१ निजी लगानीका विद्यालयको नियमनका लागि निम्नानुसार सहकार्य गरी सहयोग गरिने छः

(क) विद्यालय क्षेत्र परिभाषित गर्दै निजी लगानीका विद्यालयको सङ्ख्या विद्यालय जाने विद्यार्थी र इलाकामा रहेका विद्यालयको सङ्ख्याका आधारमा विद्यालय मिलान गर्न

(ख) निजी लगानीका विद्यालयको शिक्षण शुल्क, भौतिक सुविधाको मापदण्ड, पाठ्यपुस्तकको छनोट र शिक्षाको माध्यम निर्धारण र पालना गराउन

(ग) सामाजिक दायित्व अन्तर्गत सार्वजनिक तथा धार्मिक प्रकृतिका विद्यालयसँग सहकार्य गर्ने प्रबन्ध गर्न

(घ) दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपले विपन्नको पहुँच सुनिश्चित गर्न

(ङ) विद्यालयको वर्गीकरण गर्न

(च) शैक्षिक संस्थाको नाम राष्ट्र तथा राष्ट्रियता झल्किने गरी राख्न सहजीकरण गर्न

५.३२.२ आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाको अनुभूति गर्न गराउन निजी लगानीका शैक्षिक संस्थाको व्यवस्थापनका लागि निम्नानुसारका क्षेत्रमा सहकार्य गरिने छः

(क) शैक्षिक संस्थाको जोनिङ तथा मिलान गर्न

(ख) शैक्षिक संस्थाको जोनिङ बाहिरका विद्यार्थीका लागि आवासीय शिक्षणको व्यवस्था गर्न

(ग) कक्षा १२ सम्मका कक्षा सञ्चालन गर्ने शैक्षिक संस्थालाई क्रमशः प्राविधिक बहुप्राविधिक, विशिष्ट विद्यालयमा रूपान्तरित गर्न

(घ) पहुँचको समस्या भएका क्षेत्रमा सरकारको लगानीसहित निश्चित अवधिका लागि निजी विद्यालय सञ्चालन गर्न

(ङ) एक आपसमा मिलान गरी ती विद्यालयलाई निजी लगानीका विशिष्टीकृत विद्यालय वा महाविद्यालयमा रूपान्तरित हुने व्यवस्था गर्न

(च) निजी लगानीका शिक्षालयले सरकारले तोकेबमोजिम दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्नको पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति उपलब्ध गराउन

## ५.३३ तत्काल कार्यान्वयन गर्नुपर्ने नीति

५.३३.१ माध्यमिक विद्यालय कक्षा ६ देखि कक्षा १० सम्म, कक्षा ६ देखि कक्षा १२ सम्म, कक्षा ९ देखि कक्षा १२ सम्म सञ्चालन गर्न सकिने गरी कानुनी प्रबन्ध गरिने छ ।

५.३३.२ निजी क्षेत्रबाट सञ्चालित विद्यालयको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गरिने छ ।

५.३३.३ सबै सामुदायिक विद्यालयमा योग्यता पुगेका स्थायी शिक्षकबाट प्रधानाध्यापकको व्यवस्था गरिने छ ।

५.३३.४ शिक्षक बैङ्क तयार गरिने छ तथा प्रसूति बिदामा शिक्षक बसेका बखतको सिकाइ आपूरणको सुनिश्चतता कायम गरिने छ ।

५.३३.५ स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सिकाइ सामग्री विकास गरिने छ ।

५.३३.६ भाषा कक्षा, ट्युसन सेन्टर, परामर्श सेवा लगायतका संस्थाको दर्ता र अनुगमन गरिने छ ।

५.३३.७ शिक्षक तथा कर्मचारीको क्षमता विकास गरिने छ ।

५.३३.८ विद्यालयमा कार्यरत कम्तीमा २० वर्ष वा सोभन्दा बढी अवधि स्थायी सेवा भएका शिक्षकलाई स्वेच्छिक अवकासका लागि स्वर्णिम योजना कार्यान्वयनमा ल्याउनका लागि आवश्यक प्रबन्ध गरिने छ ।

५.३३.१० सामुदायिक विद्यालयमा दरबन्दी मिलानको कार्य तत्काल गरिने छ ।

## ६. नीति कार्यान्वयन एवम् मूल्याङ्कनको संस्थागत तथा कानुनी व्यवस्था

६.१ यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता र औचित्यका आधारमा उपयुक्त संस्थागत संरचनाको व्यवस्था गरिने छ ।

६.२ टोखा नगरपालिकाको शिक्षा नीति, २०८३ लागू भएपछि त्यसको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण र सापेक्षिक संशोधनका लागि लागि देहायबमोजिको नीति कार्यान्वय समिति रहने छ :

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक |
| (ख) | नगर उपप्रमुख | सदस्य |
| (ग) | नगर प्रमुखले तोकेको सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट एकजना महिलासहित दुई जना | सदस्य |
| (घ) | नगर प्रमुखले तोकेकोको शिक्षाविद् एकजना | सदस्य |
| (ङ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (च) | प्रमुख शिक्षा अधिकृत | सदस्य सचिव |

६.३ नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहायका ऐन, नियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिने छ :

(क) शिक्षा ऐनमा सामयिक सुधार तथा नयाँ शिक्षा नियमावली निर्माण

(ख) नीति भएमा व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकताअनुसार ऐन, नियम, निर्देशिका र कार्यविधि एवम् मापदण्ड

## ७. स्रोतसाधनको व्यवस्था

नीतिको प्रभावकारी कार्यन्वयनका लागि आवश्यक संरचना, संयन्त्र, जनशक्ति तथा स्रोत र साधनको व्यवस्था गरिने छ । यसैगरी, सङ्घीय सरकारबाट ससर्त वित्तीय हस्तान्तरण, विशेष तथा समपूरक अनुदानबाट समेत स्रोत तथा साधनको व्यवस्था हुने छ । नगरपालिकाले आवश्यक स्रोत र साधनको व्यवस्था गरी नीतिको कार्यान्वयनका लागि सहकार्य र साझेदारी गर्ने छ । गैरसरकारी संस्था, निजी र सहकारी क्षेत्रबाट समेत सहकार्य गरिने छ । व्यक्ति, समुदाय र अभिभावकलाई स्वैच्छिक स्रोत र साधन प्रदान गर्न प्रोत्साहित गरिने छ । विकासका साझेदारबाट समेत यस नीतिको कार्यान्वयनका लागि वित्तीय सहयोग गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

## ८. नीति कार्यान्वयनका जोखिम तथा न्यूनीकरणका उपाय

यस नीतिको प्रभावकारी कार्यान्वयनमा आउन सक्ने सम्भावित जोखिम यसप्रकार रहेका छन्ः

(क) कर्मचारी, शिक्षक, प्राध्यापक, पदाधिकारी तथा स्थानीय सरकारको नेतृत्वबिचको समन्वय र सहकार्य

(ख) आवश्यक दरबन्दीको माग र पूर्तिको सन्तुलन

(ग) सङ्घीय सरकारको नीति र नीतिको कार्यान्वयनमा समन्वय र सहकार्य

(घ) दीर्घकालीन स्रोत व्यवस्थापन

(ङ) निजी लगानीका विद्यालयको दीर्घकालीन व्यवस्थापन

(च) लगानीको ढाँचा र स्रोतको उपलब्धता

(छ) नगरपालिकासँगको समन्वय र सहकार्य

जोखिम न्यूनीकरणका लागि सरोकारवालासँग पर्याप्त छलफल तथा अन्तरक्रिया गरी नीति कार्यान्वयको अनुकूल वातावरण सिर्जना गर्ने प्रयास गरिने छ । नगरपालिकाको स्रोतका अतिरिक्त गैरसरकारी संस्था, प्रदेश र सङ्घीय सरकारको समन्वयमा विकास साझेदार र अन्तर्राष्ट्रिय सङ्घसंस्थाको स्रोतको समेत उपयोग गरिने छ ।

## ९. नीति परिमार्जन तथा संशोधन

(क) नगरपालिकाले यस नीतिलाई आवश्यकताअनुसार संशोधन तथा परिमार्जन गर्न सक्ने छ । तथापि यसको पुनरवलोकन कम्तीमा प्रत्येक पाँच वर्षमा गरिने छ।

(ख) नीतिमा उल्लिखित विषयवस्तुको व्याख्या तथा पुष्ट्याँईं नगर कार्यपालिकाले गर्ने छ ।

(ग) यस नीतिमा लेखिएका विषय कार्यान्वयन नभएका विषयमा कहींकतै उजुरी लाग्ने छैन ।

## सन्दर्भ सामग्री


कानुन किताव व्यवस्था समिति (२०७४), स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार, काठमाडौं ।

कानुन किताब व्यवस्था समिति, (२०८१), आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय , काठमाडौं ।

बागमती प्रदेशको शिक्षा नीति, (२०८०), सामाजिक विकास मन्त्रालय हेटौंडा, काठमाडौं ।

राष्ट्रिय शिक्षा नीति (२०७६), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।